# 2017/ 18स्कूल वर्ष लागि किन्डरगार्टनमाK 1 कक्षाको लागि भर्ना व्यवस्थाहरू



## प्रस्तावना

- शिक्षा ब्यूरोले (EDB) मौजुदा "पुर्व-प्राथमिक शिक्षा भौचर योजना" (यस पश्चात् "PEVS" भनी सम्बोधन गरिने) लाई बदल्नको लागि 2017/18 स्कूल वर्ष देखि प्रभावकारी रूपमा "नि:शुल्क गुणस्तरीय किन्डरगार्टेन (KG) शिक्षा योजना" (यस पश्चात् "KG शिक्षा योजना" भनी सम्बोधन गरिने) कार्यान्वयन गर्नेछ।
- नयाँ योजना बमोजिम, KG को भर्ना प्रक्रियाको सुचारू सञ्चालन प्रबन्ध गर्ने र आमाबुवाहरूलाई उनीहरूको बच्चाको लागि पहिले नै KG स्थान निश्चित गर्न मद्दत गर्ने दृष्टिकोणको साथमा EDB ले 2017/18 स्कूल वर्षको लागि KG मा K1 कक्षामा भर्ना प्रबन्धहरू (यस पश्चात् "2017/18 K1 Admission Arrangements" भनी सम्बोधन गरिने) कार्यान्वयन गर्न जारी राख्नेछ।
- 2017/18 स्कूल वर्षमा बच्चाहरूका लागि K1 स्थानका लागि आवेदन दिन चाहने आमाबुवाहरूले तल निर्धारण गरिएका प्रक्रिया पालना गर्नुपर्छ। यो प्रक्रिया "KG शिक्षा योजना" मा भाग लिने सबै KGs मा लागू हुन्छ।

## प्रक्रिया

- "KG शिक्षा योजना" को कार्यान्वयनमा पङ्क्तिबद्ध हुनको लागि, 2017/18 स्कूल वर्षमा K1 को लागि दर्ता कागजातको रूपमा "योग्यताको प्रमाणपत्र" (भौचर) लाई बदल्नको लागि EDB ले प्रत्येक योग्य विद्यार्थीको लागि KG भर्नाको लागि दर्ता प्रमाणपत्र (यस पश्चात् "2017/18 RC" भनी सम्बोधन गरिने) जारी गर्नेछ।
- आमाबुवाहरूले EDB मा "2017/18 RC" को लागि सेप्टेम्बर देखि नोभेम्बर 2016 सम्म निवेदन दिन आवश्यक छ।
- आमाबुवाहरूले EDB लाई "2017/18 RC" को लागि उनीहरूका निवेदन 30 नोभेम्बर, 2016 मा वा पहिले पेश गर्नुपर्नेछ। अन्यथा, "2017/18 RC" को निवेदनको लागि विध्यार्थी योग्य भएता पनि K1 दर्ताको लागि "केन्द्रीकृत दर्ता मिति" पहिले "2017/18 RC" सामान्य दरमा जारी हुनेछैन।
- आमाबुवाहरूले KGs को स्कूलमा-आधारित भर्ना विधि लगायत प्रक्रिया, मापदण्ड, अन्तर्वार्ता व्यवस्थाहरू, आवेदन शुल्क, इत्यादि बारे बुझ्नुपर्छ। अभिभावकहरूले व्यक्तिगत KGs ले तोकेका आवश्यकताहरू अनुरूप भर्नाका लागि आवेदन फाराम लिएर आवेदन बुझाउनुपर्नेछ।
- KGs ले आमाबुवाहरूलाई 23 डिसेम्बर 2016 अघि आवेदन नतिजाको बारेमा सूचित गराउनेछ।
- भर्ना सम्बन्धी सूचना(हरू) प्राप्त गरे लगत्तै, ध्यानपूर्वक विचार गरेर, आमाबुवाहरूले दर्ताका लागि एउटा KG छनोट गर्नुपर्छ। उहाँहरूले दर्ता प्रक्रिया पूर्ण गर्न 2017 जनवरी 12 देखि 14 (अर्थात्, "केन्द्रीकृत दर्ता मिति") सम्ममा "2017/18 RC" पेश गर्न र KG मा दर्ता शुल्क भुक्तानी गर्न आवश्यक छ। एउटा आवेदकले अन्य आवेदकहरूलाई असर पर्ने गरी, कुनै एक समयमा एकभन्दा बढी स्थान सञ्चय गर्न नपाओस् भन्नका लागि यो उपाय अपनाइएको हो।
- EDB ले जनवरी 2017 को अन्त्य देखि (अर्थात् - "केन्द्रीकृत दर्ता मिति" पछि) K1 को रिक्त स्थानबारे सुचना जारी गर्नेछ। आवश्यक परेमा, आमाबुवाहरूले EDB को वेबसाइट, क्षेत्रीय शिक्षा कार्यालयहरू र EDB को हटलाइन मार्फत जानकारी प्राप्त गर्न सक्छन्।

### आवेदनका लागि को-को योग्य छन्?

विध्यार्थी-आवेदकहरूले निम्न कुराहरू पूरा गर्नुपर्छ:

- (a) आवासको अधिकार, जमिनको अधिकार वा बिना कुनै सर्तको हङकङमा बस्ने वैध अनुमति (निवासको सीमा भन्दा बाहेक) भएका हङकङ निवासीहरू हुनुपर्दछ; र
  (b) 31 डिसेम्बर 2014 मा वा त्योभन्दा पहिले जन्मेको हुनुपर्दछ।
- यदि 2017/18 स्कूल वर्षमा "KG शिक्षा योजना" मा सहभागी भएर विध्यार्थीहरूले KGs मा K2 वा K3 अध्ययन गर्दछन् र उनीहरूलाई PEVS बमोजिम भौचर जारी गरिएको छ भने, उनीहरूले "2017/18 RC" को लागि आवेदन दिन आवश्यक छैन।

### निवेदन फाराम कहाँबाट प्राप्त गर्ने?

- निवेदन फाराम र निर्देशन नोटहरू जिल्ला कार्यालयहरू, हुलाक कार्यालयहरू र EDB का क्षेत्रीय शिक्षा कार्यालयहरूमा उपलब्ध छन्। तिनीहरूलाई EDB को वेबसाइट (www.edb.gov.hk) बाट पनि डाउनलोड गर्न सकिन्छ।

### पूरा भएका निवेदन फारामहरूलाई कसरी फिर्ता गर्ने?

- निवेदकहरूले यथासमय पूरा गरेका निवेदन फारामहरूलाई आवश्यक पहिचान कागजातहरूका प्रतिलिपिहरूको साथमा हुलाक मार्फत Education Bureau, P.O. Box 23179, Wan Chai Post Office, Hong Kong मा पठाउन सक्छन्।
- वैकल्पिक रूपमा, निवेदकहरूले "किन्डरगार्टेन भर्ना (2017/18) को लागि दर्ता प्रमाणहरूको निवेदन" भनी चिन्ह लगाइ एक बन्द खाममा सबै सम्बन्धित कागजातहरू समावेश गरी त्यसलाई EDB को कार्यालय, 14/F, Wu Chung House, 213 Queen's Road East, Wan Chai, Hong Kong मा ड्रप-इन बाकसमा खसाल्न सक्छन्।

### निवेदन फाराम कहिले फिर्ता गर्ने?

- "2017/18 RC" को लागि आवेदन सेप्टेम्बर 2016 देखि सुरु हुँदैछ।

### निवेदनको नतिजा कहिले उपलब्ध हुनेछ?

- उपलब्ध गराइएका सबै आवश्यक जानकारी र कागजातहरूको साथमा आवेदनहरू प्राप्त भएपछि, EDB ले आवेदनहरूको प्रक्रिया पूरा गर्न सामान्यतया छ देखि आठ हप्ता लगाउनेछ र हुलाकद्वारा योग्य आवेदकहरूलाई "2017/18 RC" जारी गर्नेछ।

## सोधपूछ

- "2017/18 K1 भर्ना प्रबन्धहरू" र "2017/18 RC" को आवेदन विवरणहरूको लागि, कृपया EDB को वेबसाइट (www.edb.gov.hk) मा जानुहोस् वा EDB लाई 3540 6808 / 3540 6811 मा वा 24-घण्टे स्वचालित टेलिफोन सोधपूछ प्रणालीलाई 2891 0088 मा कल गर्नुहोस्।
- आमाबुवाहरूले EDB का क्षेत्रीय शिक्षा कार्यालयहरू वा किन्डरगार्टेन र बाल स्याहार केन्द्रहरूको संयुक्त कार्यालयमा पनि सम्पर्क गर्न सक्नुहुनेछ (तलको वेबसाइटमा टेलिफोन नम्बरहरू फेला पार्न सकिन्छ: www.edb.gov.hk)

## 2017/18 स्कूल वर्ष फ्लोचार्टको लागि किन्डरगार्टेनमा K1 कक्षाको लागि भर्ना व्यवस्थाहरू

आवेदकहरूले 2016 को सेप्टेम्बरदेखि नोभेम्बर सम्म "2017/18 RC" का लागि EDB मा आवेदन दिने छन्

↓

उपलब्ध गराइएका सबै आवश्यक जानकारी र कागजातहरूको साथमा आवेदनहरू प्राप्त भएपछि, EDB ले आवेदनहरूको प्रक्रिया पूरा गर्न सामान्यतया छ देखि आठ हप्ता लगाउनेछ र हुलाकद्वारा योग्य आवेदकहरू[1] लाई "2017/18 RC" जारी गर्नेछ।

KGs ले 2017/18 K1 भर्ना आवेदनहरूको प्रक्रिया थालनी गर्नेछ

↓

KGs ले आवेदकहरूलाई 23 डिसेम्बर 2016 अघि आवेदन नतिजाको बारेमा सुचित गराउनेछ

↓

आवेदन सफल भएमा

↓

आवेदकहरूले "केन्द्रीकृत दर्ता मिति" मा कुनै एउटा KG मा दर्ता गर्नेछन्[2] (अर्थात् - 12 देखि 14 जनवरी 2017) "2017/18 RC" पेश गरेर र दर्ता शुल्क भुक्तानी गरेर

↓

आवेदन असफल भएमा

↓

आवेदकहरूलाई "केन्द्रीकृत दर्ता मिति" पछि EDB द्वारा जारी गरिने K1 रिक्त सुचनाबारे जानकारी लिन सक्ने छन् (अर्थात् - जनवरी 2017 को अन्त्य देखि)

1. यदि अभिभावकले "केन्द्रीकृत दर्ता मिति" को समयमा आफ्नो बच्चा भर्ना भएको KG मा "2017/18 RC" प्रस्तुत गर्न सकेनन् भने, सम्बन्धित KG ले उनीहरूको बच्चाको दर्ता पूरा नगर्न सक्छ। त्यसैले, अभिभावकले तोकिएको अवधि भित्र EDB मा आवेदन पेश गर्न आवश्यक छ।

2. आवेदक "केन्द्रीकृत दर्ता मिति" पछि भर्ना भएको भएपनि, उसले/उनले दर्ताको लागि "2017/18 RC" पेश गर्नुपर्दछ। यदि KG मा दर्ता गरिसकेपछि आवेदक विद्यालय परिवर्तन गर्न चाहन्छन् भने, उनले KG बाट प्राप्त गरेको "2017/18 RC" फिर्ता लिनुपर्दछ जसबाट उनले दर्ता गरेका छन्। KG बाट "2017/18 RC" फिर्ता प्राप्त गरेपछि, सम्बन्धित KG ले तत्पश्चात उक्त आवेदकका लागि स्थान सुरक्षित राख्नेछैन। सामान्यत: आवेदकले दर्ता गरेको KG का लागि बुझाएको दर्ता शुल्क फिर्ता हुनेछैन।